Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

CONCEPT TO LISTING
turning dreams into reality

# क्रिष्टल पावर डेभलपमेन्ट प्रा.लि.ले ग्लोबल आइएमई क्यापीटलको "Business–Concept to Listing" सेवा लिने सम्बन्धमा दुबै पक्षबीच सम्पन्न सम्झौता सम्बन्धी प्रेस विज्ञप्ती

## फागुन २७, २०७८




ग्लोबल आइएमई क्यापीटल लि. ले पहिलो पटक संस्थागत परामर्श (**Corporate Advisory**) सेवा अन्तर्गत "**Business–Concept to Listing**" सेवा शुरु गरेको छ। उक्त सेवा अन्तर्गत **ताप्लेजुङ्ग जिल्लामा क्रिष्टल पावर डेभलपमेन्ट प्रा.लि. द्वारा निर्माण गर्न लागिएको सुपर तमोर हाइड्रोईलेक्ट्रिक आयोजना (१६६ मेगावाट)** को लागि उक्त कम्पनी र ग्लोबल आइएमई क्यापीटल बीच "**Business–Concept to Listing**" नामक सेवा उपलब्ध गराउने सम्बन्धमा दुबै पक्षबीच मिति २०७८ साल फागुन २७ गते सम्झौता सम्पन्न भएको व्यहोरा सम्बन्धित सबैमा सहर्ष जानकारी गराउन चाहन्छौं।

ग्लोबल आइएमई क्यापिटलले "**Business–Concept to Listing**" सेवा अन्तर्गत उद्यमशीलता विकासका लागि व्यक्तिगत तथा संस्थागत व्यवसायिक अवधारणा (**Business Concept**) लाई नेपाली व्यवसायिक बातावरणमा स्थापित गराउने योजना सहित संस्थागत परामर्श, लगानी प्रबर्द्धन तथा कारोबारको दायरा विस्तार सँग सम्बन्धित कार्यहरु अगाडि बढाउनेछ भने निकट भविष्यमा **Private Equity/Venture Capital (PE/VC)** सम्बन्धी कार्यहरु गर्ने योजना रहेको छ। साथै, पब्लिक कम्पनीमा परिणत गरिदिने, पब्लिक कम्पनीमा परिणत हुँदाको बखत **Regulatory Frameworks** अन्तर्गत प्रबन्धपत्र, नियमावली लगायत अन्य कागजातहरु तयार गर्ने तथा व्यवसायिक लगानीकर्ता खोज्न सघाउ पुरयाउने कार्यहरु गरिने व्यहोरा जानकारी गराउन चाहन्छौं। त्यसैगरी क्यापिटलले "**Business–Concept to Listing**" सेवा अन्तर्गत व्यवसायिक अवधारणालाई वास्तविकतामा परिणत गर्न आवश्यक पर्ने संस्थागत परामर्श सेवा लगायतका सम्पूर्ण कार्यहरुमा मर्चेन्ट बैंकरको रुपमा सघाउ पुर्‍याउन सहकार्य गर्ने व्यहोरा समेत जानकारी गराउन चाहन्छौं।

साथै, क्यापिटलले उक्त क्रिष्टल पावर डेभलपमेन्ट प्रा.लि.लाई निकट भविष्यमा नै सर्वसाधारणमा शेयर निष्कासन गर्न सक्ने गरी सम्पूर्ण सेवा उपलब्ध गराउने छ। ग्लोबल आइएमई क्यापीटलले "**Business–Concept to Listing**" सेवा अन्तर्गत कुनै पनि कम्पनीलाई स्थापनादेखि **IPO** जारी गरी **Listing** सम्मको कार्यलाई एकीकृत रुपमा सम्पूर्ण सेवा उपलब्ध गराउने हुँदा सो सम्बन्धी थप जानकारीको लागि नायब प्रमुख कार्यकारी अधिकृत श्री पराग विष्ट मोबाईल नं.९८४३६३६३०१ वा ईमेल ठेगाना: paraag.bisht@gicl.com.np मा सोझै सम्पर्क गर्न सकिने छ।